प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

# कृषि सुपर मार्केट(स्थापना र सञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावना** : प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेटमा रहेको कृषि सुपरमार्केट सञ्चालन कार्यक्रम कार्यान्वयन गर्न र कृषि उपजको उत्पादनलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरिय बनाई विक्री वितरण गर्न कृषि सुपर मार्केटको स्थापना गरी सञ्चालनका लागि मन्त्रिपरिषद्बाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "कृषि सुपर मार्केट(स्थापना र सञ्चालन) कार्यविधि, २०७५" हुनेछ ।

(२) यो कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"कृषि वजार"** भन्नाले कृषि उपजको खरिद बिक्री हुने क्षेत्र सम्झनु पर्दछ र सो शव्दले कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार र खुद्रा बजारको क्षेत्र समेत लाई जनाउँछ ।

(ख) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ग) **"प्रस्ताव"** भन्नाले उद्यमीले कृषि सुपर मार्केटको स्थापना र सञ्चालनका लागि पेश गरेको आवेदनको विवरण सम्झनु पर्छ ।

(घ) **"प्रोत्साहन अनुदान"** भन्नाले यस कार्यविधि अनुरुप कृषि सुपर मार्केटको स्थापना र सञ्चालन गर्ने कार्यमा प्रोत्साहन गर्न उपलब्ध गराइने नगद वा पुँजीगत अनुदानलाई सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(च) **"मुल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(छ) **"साझेदारी संस्था"** भन्नाले यस कार्यविधि अनुरुप कृषि सुपर मार्केटको स्थापना र सञ्चालनका लागि आवेदन दिने सहकारी संस्था, कृषक समूह, बजार संचालक समिति, निजी कम्पनी/उद्योग, स्थानीय तहहरुलाई सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिमको हुनेछ,-

(क) कृषि उपजहरुको उचित बजारीकरण गर्न सहयोग पुऱ्याउने,

(ख) बिउ बिजन, प्रांगारिक मलखाद, बिरुवा, बेर्ना, कृषि औजार तथा उपकरणहरु एकै स्थानमा उपलव्ध हुने व्यवस्था मिलाउने,

(ग) उपभोक्ताहरुलाई कृषि बजारहरुमा वर्ष भरी तरकारी, फलफूल, माछा, पुष्प लगायतका खाद्य वस्तु आपूर्ति गर्न योगदान पुऱ्याउने,

(घ) कृषि क्षेत्रको आधुनिकिकरणमा सहयोग पुऱ्याउने,

(ङ) नाशवान कृषि उपजको नोक्सानीलाई कम गरी उपभोग्य उत्पादन बढाउने,

(च) प्रांगारिक तथा वाताबरणमैत्री कृषि उत्पादन र बजारीकरणलाई प्रोत्साहन गर्ने ।

## परिच्छेद-२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न मन्त्रालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने ।

५. **अनुगमन मुल्याङ्कन तथा प्रतिवेदनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्रहरुले आवश्कताका अनुसार गर्न सक्नेछन् । यसरी गरिएको अनुगमन र मुल्याङकनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन

६. **कृषि सुपरमार्केट स्थापना र सञ्चालनः** मन्त्रालयले कृषि सुपरमार्केट स्थापना र सञ्चालन गर्न आर्थिक र प्राविधिक पक्षहरुको अध्ययन गरी उपयुक्त स्थानहरु तोक्ने छ ।

७. **प्रस्ताव आव्हान** :मन्त्रालयले कृषि सुपरमार्केट स्थापना र सञ्चालन गर्न उपयुक्त स्थानका इच्छुक साझेदार संस्थाबाट सिलबन्दी प्रस्ताव पेश गर्न तिस दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सुचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधि भित्र कृषि सुपरमार्केट स्थापना र सञ्चालन गर्न इच्छुक साझेदार संस्थाले अनुसूचिमा तोकिएका कागजात सहित मन्त्रालयमा निवेदन र प्रस्ताव दर्ता गर्नु पर्नेछ।निवेदन र प्रस्तावको ढाँचा अनुसूचि-१ र २ मा उल्लेख भए वमोजिम हुनेछ।

८. **प्रस्तावकलाई जानकारीः** मन्त्रालयले स्वीकृत गरेका प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थाहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ ।

९. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाहरुसँग कृषि सुपरमार्केट स्थापना, सञ्चालन, निर्माण गर्नका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माण कार्य र मेसिनरी उपकरणहरु जडान लगायतका कार्यहरु सञ्चालन गर्ने सम्झौता गर्न सूचना प्राप्त भएको १५ दिनभित्र सम्झौता गर्न आउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग मन्त्रालयले अनुसूची-३ बमोजिम सम्झौता गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्द भएको मानि दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ७ बमोजिम प्रस्ताव आव्हान गर्दा एकमात्र प्रस्ताव परी यसै दफाको उपदफा (३) बमोजिम सम्झौता गर्न नआए पुनः १५ दिनको सूचना प्राकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ।

१०. **सामाजिक उत्तरदायित्व** :मन्त्रालयबाट अनुदान प्राप्त गर्ने साझेदार संस्थाले कृषि उपज उत्पादन गर्ने आफ्ना कृषकहरु मध्ये लक्षित समुदाय (महिला, दलित, जनजाति आदि) का कृषकहरुलाई नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुन लाग्ने बिमा शुल्कको पचास प्रतिशत रकम बहन गर्नु पर्दछ ।उक्त रकम सिधै सम्बन्धीत बिमा कम्पनीलाई पठाईदिनु पर्ने छ यस सम्बन्धी अन्य व्यवस्था सम्झौतानुसार हुनेछ ।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

११. **अनुदान प्रवाह विधिः** छनौट भई सम्झौता भएका साझेदार संस्थालाई प्रदान गरिने अनुदान देहाय बमोजिम हुनेछः-

(क) कृषि सुपरमार्केट स्थापना र सञ्चालन गर्न मन्त्रालयले बजार घर निर्माणमा साठी प्रतिशत र औजार उपकरण खरिदमा पचास प्रतिशत अनुदान उपलब्ध गराउने छ र बाँकी रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नेछ,

(ख) कृषि सुपर मार्केट सञ्चालन गर्न प्रस्तावकले व्यहोर्ने साझेदार वापतको लागत रकम लगानी गरी सोको बिल/भर्पाई र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएको आधारमा मन्त्रालयले भुक्तानी गर्नेछ । अनुदान रकम बढिमा तीन किस्तामा दिईने छ र भुक्तानी प्रक्रिया प्रचलित आर्थिक ऐन/नियम अनुसार हुनेछ,

(ग) मन्त्रालयले किस्ता अनुदान रकम सम्बन्धित साझेदार संस्थाको बैंक खातामा जम्मा हुने गरी एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ,

(घ) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धि अभिलेख मन्त्रालयले राख्नेछ ।

(ङ) मन्त्रालयले अनुदान प्राप्त गर्ने साझेदार संस्थाको विवरण चौमासिक रुपमा मन्त्रालयको वेभसाईटमा राख्नु पर्नेछ ।

१२. **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई मन्त्रालयले अनुदान रोक्का गर्ने छ ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा त्यस्ता साझेदार संस्थालाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी रकम असुल उपर गरिनेछ।

(३) किस्ता रकम लिई कार्य सम्पन्न नगर्ने साझेदार संस्थालाई अनुदान दिएको रकम र सोको दश प्रतिशत हर्जना समेत असूल गरिने छ ।

१३. **संशोधन**: यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउने छ ।

१४. **वचाउ** : यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. <u>समन्वयमा गर्नेः</u> कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजना र स्थानिय तहहरुद्धारा संचालीत कार्यक्रम लगायत अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गर्नु पर्नेछ ।

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७५/ /

यस भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ , हेटौंडाको आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि सुपर मार्केटको स्थापना र सञ्चालन कार्यविधि, २०७५ बमोजिम कृषि सुपर मार्केटको स्थापना र सञ्चालन गर्न (महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका) का सहकारी संस्थानिजी ,बजार संचालक समिति ,समूह कृषक , स्थानीय तहह ,उद्योग/कम्पनीरुले यो सूचना प्रकाशित भएको ३०औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१. रु -।१०.को हुलाक टिकट टाँस गरेको निवेदन ।
२. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र ।
३. संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) दर्तानविकरण/ प्रमाणपत्र पत्रको प्रतिलिपि ।
४. प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धतापत्र ।
५. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।

# अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव-पत्र**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | | | | | |
| ३ | आवदेकको नाम | | | | | | | |
| ४ | ठेगाना | | | | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | | | | | | | |
| ६ | आवेदकको email address | | | | | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | | | | | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | | | | | | | |
| ९ | आवेदक संस्थाको उमेर(दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | | | | | | | |
| १० | भ्याट /पान दर्ता नम्बर | | | | | | | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | | | | | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | | | | | | | |
| १३ | मन्त्रालयसंग माग गरेको रकम रु. | | | | | | | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | | | | | | | |
| १४.१ | | | | | | | | |
| १४.२ | | | | | | | | |
| १४.३ | | | | | | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | | | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | | | | | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | | | | | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | | | | | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | | | | | |
| १५.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्नेः | | | | | | | |
| | भवन संख्या | | मेशिन संख्या | | सवारी सासंख्या . | | उपकरण संख्या | |
| | किसिम | | किसिम | | किसिम | | किसिम | |
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य | | |
| | | | | | | | | |
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः | | | | | | | |
| १८.१ | | | | | | | | |
| १८.२ | | | | | | | | |

| १९ | कृयाकलाप कार्यान्वयन योजना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र): |
|---|---|
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| २३ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु. | |
|---|---|---|

| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधी |
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |

| २५ | प्रस्तावकसगं विद्यमान जनशक्ति विवरण | | |
|---|---|---|---|
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |

| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | |
|---|---|---|

ख) आर्थिक प्रस्तावः प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क.सं. | मुख्यमुख्य - कृयाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | मन्त्रालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| | | | | जम्मा रकम रु. | | | | |
| | | | | VAT रकम रु. | | | | |
| | | | | कुल जम्मा रकम रु. | | | | |

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छुछौं । कहिं/ कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

| प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

अनुसूची-३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

सम्झौता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित कृषि सुपर मार्केटको स्थापना र सञ्चालन सम्बन्धी मिति .......... गतेको .......... राष्ट्रिय दैनिक स्थानिय/ स्थानिय साप्ताहिक/दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मिति ........... मा बसेको कार्यक्रम स्वीकृत तथा अनुगमन समितीको बैठकबाट श्री ............. को प्रस्ताव छनौट भएको हुंदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .................. (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कृषि सुपर मार्केटको स्थापना र सञ्चालनका लागी द्विपक्षिय- सम्झौतागरि बुझिलियौं/दियौं ।

तपशिलः

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित शित भण्डार निर्माण तथा सञ्चालन सम्बन्धी कार्यक्रमको लागी विनियोजित रु.......... ........... मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु ........... कट्टा गरी दोश्रो पक्षलाई रु. ............ (अक्षरुपी............................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।

२. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी प्रदेश नं ३ को .................., स्थानिय तह ....... नं. वडाको ................... भन्ने स्थानमा ......................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागी आवस्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैङ्क खातामा प्रथम पक्षले किस्तावन्दीमा भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित स्थानिय निकाय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकीबक्यौता सरह-असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

| | |
|---|---|
| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।